# सहरले सङ्कलन नगर्ने चीजहरू

★यी चीजहरूलाई क्लिन स्टेसनमा छोडेको खण्डमा, अवैध डम्पिङको रूपमा सजाय दिइन्छ।

## एअर कन्डिसनर, टेलिभिजन, फ्रिज र फ्रिजर, वासिङ मेसिन र कपडा सुकाउने मेसिन

### उपभोक्ता

**विक्रेतामा टेक-ब्याक अनुरोध गर्ने खण्डमा**

①टेक-ब्याक अनुरोध
टेक-ब्याक समय र मितिबारे सकेसम्म छिटै परामर्श गर्नुहोस्।

②विक्रेताद्वारा सङ्कलन

③"रिसाइकल शुल्क" तथा "टेक-ब्याक ढुवानी शुल्क" विक्रेतामा भुक्तानी
रिसाइकल शुल्क＋टेक-ब्याक ढुवानी शुल्क

**विक्रेता थाहा भएको खण्डमा**
- पहिले खरिद गरेको पसल अथवा
- नयाँ खरिद गर्ने पसल

**विक्रेता थाहा नभएको खण्डमा**
- नजिकको विद्युतिय उपकरण पसल अथवा
- टेक-ब्याक सहयोग पसल मा परामर्श गर्नुहोस्।

※टेक-ब्याक सहयोग पसलको बारेमा वाकेतोन BOOK P20 हेर्नुहोस्।

**उत्पादकको रिसाइकल कारखाना**
(सिसा, फलाम, तामा, एल्युमिनियम आदिलाई कच्चा पदार्थको रूपमा रिसाइकल)

**आफैले तोकिएको टेक-ब्याक स्थलमा लिएर जाने खण्डमा**

①रिसाइकल शुल्क भुक्तानी
रिसाइकल शुल्क＋रकम ट्रान्सफर शुल्क
पोस्ट अफिसमा भएको निर्दिष्ट भुक्तानीपत्र (घरेलु विद्युतिय उपकरण रिसाइकल कार्ड) मा नाम, फोन नम्बर, फाल्ने सामान, उत्पादक जस्ता आवश्यक विवरण लेखी "रिसाइकल शुल्क" भुक्तानी गर्नुहोस्।

पोस्ट अफिस

②लिएर जाने
सामान र घरेलु विद्युतिय उपकरण रिसाइकल कार्ड सँगै लिएर जानुहोस्। ※टेक-ब्याक ढुवानी शुल्क आवश्यक नपर्ने

**तोकिएका टेक-ब्याक स्थलहरू**

| तोकिएका टेक-ब्याक स्थलहरू | कार्यालय दिन, सम्पर्क समय |
|---|---|
| सेइनो ढुवानी कम्पनी लिमिटेड कोबे शाखा (रोक्को आइल्यान्ड) हिगासिनादा वडा कोयोच्यो हिगासी 3 ☎857-6963 (मेन लाइन) | सोमबार～शनिबार (सार्वजनिक बिदाको दिन, वर्षको अन्त्य तथा सुरुको अवधि र ओबोन बाहेक) 9:00～12:00 13:00～17:00 |

## अन्य

### नष्ट प्रक्रिया परामर्श काउन्टरमा परामर्श गर्नुहोस्।

※टेक-ब्याक शुल्क आवश्यक अवस्थाहरू हुन सक्छन्। ※तोकिएको स्थानमा लिएर जानुपर्ने अवस्थाहरू हुन सक्छन्। ※टेक-ब्याक व्यवसायहरूको जानकारी दिने अवस्थाहरू पनि हुन सक्छन्।

| फोहोरका किसिमहरू | नष्ट प्रक्रिया परामर्श काउन्टर | सम्पर्क स्थान |
|---|---|---|
| पसल र कार्यालय आदिबाट निस्कने व्यावसायिक गतिविधिबाट निस्कने फोहोर (व्यावसायिक फोहोर) | पारस्परिक समृद्धि संघ (कोबे सहर वातावरण पारस्परिक समृद्धि व्यवसाय सहकारी) | ☎331-3470 |
| | औद्योगिक फोहोरको बारेमा ह्योगो जिल्ला औद्योगिक फोहोर संघ | ☎381-7464 |
| अनियमित ठूलो परिमाणको फोहोर (घर सर्दा निस्कने फोहोर आदि) | पारस्परिक समृद्धि संघ (कोबे सहर वातावरण पारस्परिक समृद्धि व्यवसाय सहकारी) | ☎331-3470 |
| इन्जिन ओइल, पेट्रोल, मट्टीतेल, पेन्ट | विक्रेता आदि | — |
| ब्याट्री | विक्रेता आदि | — |
| पोर्टेबल स्टोभको ग्याँसको सिलिन्डर (त्यसमा भएको चीज पूर्ण रूपमा प्रयोग गरेको सिलिन्डर) | सिलिन्डरमा लेखिएको उत्पादक | — |
| | जापान औद्योगिक ग्याँस तथा पेट्रोलियम उपकरण संघ ग्याँसको सानो सिलिन्डर ग्राहक केन्द्र | ☎0120-14-9996 |
| प्रोप्यान ग्याँसको सिलिन्डर | ह्योगो जिल्ला LP ग्याँस संघ | ☎361-8064 |
| अग्निनियन्त्रक | उत्पादक अथवा विक्रेता आदि | — |
| | ह्योगो जिल्ला अग्नि नियन्त्रण उपकरण मर्मत संघ | ☎333-8012 |
| | अग्निनियन्त्रक रिसाइकल प्रवर्द्धन केन्द्र (http://www.ferpc.jp/) | ☎03-5829-6773 |
| सवारी साधन | साइकल रिसाइकल ऐन बमोजिमका टेक-ब्याक व्यवसायहरू (विक्रेता आदि) | — |
| दुई पाङ्ग्रे (अटोबाइक, मोटर जडान भएको साइकल, मोटरसाइकल) | विक्रेता आदि | — |
| | दुई पाङ्ग्रे सवारी साधन रिसाइकल कल सेन्टर (http://www.jarc.or.jp/motorcycle/) | ☎050-3000-0727 |
| टायर | विक्रेता आदि | — |
| पियानो | विक्रेता आदि | — |
| प्रयोग गरिसकेको सुई आदि | अनुमति प्राप्त स्वास्थ्य संस्था र औषधि पसलहरू | — |
| कीटनाशक विषाद जस्ता रसायन | उत्पादक अथवा विक्रेता | — |
| सेफ (फायरप्रूफ) | विक्रेता आदि | — |
| बटन आकारको ब्याट्री र रिचार्जेबल ब्याट्री (सानो रिचार्जेबल ब्याट्री) | विक्रेताको सङ्कलन बक्समा | — |

## BOX साना घरेलु विद्युतिय उपकरणहरू रिसाइकल

**साना घरेलु विद्युतिय उपकरणहरू रिसाइकल ऐन बमोजिम सहर भित्रको सार्वजनिक सुविधा र सुपरमार्केट आदिमा सङ्कलन बक्सद्वारा प्रयोग गरिसकेका साना घरेलु विद्युतिय उपकरणहरू सङ्कलन गरिन्छ।**

**दायरामा पर्ने सामानहरू**
सङ्कलन बक्सको हाल्ने ठाउँ (लम्बाइ 30×चौडाइ 40×गहिराइ 35cm जति) मा पस्ने प्रयोग गरिसकेका घरेलु विद्युतिय उपकरणहरू
(सङ्कलन गरिने चीजहरूको उदाहरण)
●कम्प्युटर ●ट्याब्लेट टर्मिनल ●मोबाइल फोन ●स्मार्ट फोन
●डिजिटल क्यामेरा, भिडियो क्यामेरा ●गेम मेसिन, घडी, क्यालकुलेटर आदि

**दायरा भित्र नपर्ने चीजहरू**
●चिम, फ्लोरोसेन्ट बत्ती, ब्याट्री
●घरेलु विद्युतिय उपकरण रिसाइकल ऐनको दायरामा पर्ने सामानहरू (टेलिभिजन आदि)
●सङ्कलन बक्समा नपस्ने कम्प्युटर
→PC रिसाइकलमा
☎03-5282-7685

**सङ्कलन बक्स भएको ठाउँ आदिको विस्तृत जानकारीको लागि कोबे सहर होमपेज हेर्नुहोस्।**

[कोबे सहर साना घरेलु विद्युतिय उपकरणहरू] [खोज्नुहोस्]

# स्थानीय स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने चीजहरू सामूहिक सङ्कलन (पत्रिका, कागजहरू, कार्डबोर्ड आदि)

**पत्रिका, कागजहरू, कार्डबोर्ड आदि भनेको रिसाइकल गर्न सकिने बहुमूल्य "स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने चीजहरू" हुन्। स्थानीय स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने चीजहरू सामूहिक सङ्कलनमा फाल्नको लागि निकालौं।**

● सङ्कलन सामानहरू, फाल्नको लागि निकाल्ने तरिका, फाल्नको लागि निकाल्ने ठाउँ, सङ्कलन मिति र समय आदि गतिविधि समूह अनुसार फरक हुने हुनाले, **सम्बन्धित समूहद्वारा तोकिएको नियमको** पालना गर्नुहोस्। (तल सामान्य नियमहरू लेखिएको छ।)

पुराना कागजहरू (पत्रिका, कागजहरू र कार्डबोर्ड) को साझा नियम भनेको
**वस्तुको किसिम अनुसार नछरिने गरि सँगै मिलाएर फाल्ने**

**पत्रिका** — पत्रिका भित्र हुने विज्ञापन पर्चालाई पत्रिका भित्रै रहेको अवस्थामा फाल्नको लागि निकाल्न सकिन्छ।

**कार्डबोर्ड** — बक्सलाई पट्टाइर समतर पार्नुहोस्। सकेसम्म टाँसिने टेप र डेलिभरी लेबल हटाउनुहोस्।

**कागजहरू** म्याग्जिन, पुरानो किताब, र्‍यापिङ पेपर, मिठाइ आदिको कागजको बक्स आदि — कागज बाहेकका चीजहरू नमिसाउनुहोस्।

**पुरानो लुगा र पुरानो कपडा** ※गतिविधि समूह अनुसार सङ्कलन नगरिने अवस्थाहरू पनि हुन सक्छन्।
भित्र भएको चीज देखिने पोलिथिनको झोला (कालो बाहेकका झोलाहरू OK) मा हाल्नुहोस्।

※स्थानीय स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने चीजहरूको सामूहिक सङ्कलन प्रयोग गर्न नसक्ने खण्डमा, पुरानो कागज र पुरानो कपडालाई जलाउन सकिने फोहोरको दिनमा, तोकिएको झोलामा हालेर फाल्नको लागि निकाल्नुहोस्।

**स्थानीय स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने चीजहरूको सामूहिक सङ्कलनको जानकारी नभएको खण्डमा...**

होमपेज [कोबे सहर स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने चीजहरू सामूहिक सङ्कलन] [खोज्नुहोस्]
※यहाँ लेख्न स्वीकृति प्राप्त समूहहरूको जानकारी मात्र राखिएको छ।

फोनद्वारा जानकारी लिनको लागि — कोबे समग्र कल सेन्टर (वर्षैभरि खुला रहनेछ 8:00~21:00) ☎333－3330

## फोहोर वर्गीकरण एप्लिकेसन "KOBEぽすと (KOBE पोस्तो)" मा जानुहोस्।

सङ्कलन गरिने दिन (बार) र फोहोर वर्गीकरण खोज्न सकिन्छ

◀QR कोड

# आफैले लिएर जाने खण्डमा (शुल्क लाग्नेछ)

**घरबाट निस्कने फोहोर र स्रोतको रूपमा पुनः प्रयोग गर्न सकिने चीजहरूलाई किसिम अनुसार वर्गीकरण गरी, प्रत्येकको किसिम अनुसार छुट्याएर, सहरको सम्बन्धित नष्ट प्रक्रिया गरिने सुविधामा लिएर जान सकिन्छ।**

※लिएर जानको लागि आवेदन प्रक्रिया गर्नुपर्नेछ। **अनिवार्य रूपमा सम्बन्धित सुविधामा अग्रिम सम्पर्क गरी सोधपुछ गर्नुहोस्।** साथै लिएर जाने बेला तोकिएको झोलामा हाल्नु पर्दैन। साथै ठूलो साइजको फोहोर सिल कार्ड नटाँसीकन लिएर जानुहोस्। (लिएर जाने बेला शुल्क लिइनेछ।)

| | ठूलो साइजको फोहोर/जलाउन नसकिने फोहोर | जलाउन सकिने फोहोर | काठको फोहोर | क्यान, बोतल र प्लास्टिकका बोतलहरू |
|---|---|---|---|---|
| लिएर जाने सुविधाहरू | फुसेहाता वातावरण केन्द्र | सबै क्लिन सेन्टरहरू | मिनातोजिमा क्लिन सेन्टर | स्रोत रिसाइकल सेन्टर |
| लिएर जान सक्ने फोहोरहरू | ठूला घरेलु विद्युतिय उपकरणहरू, साना घरेलु विद्युतिय उपकरणहरू, साना धातुका सामानहरू, सिसा र माटोले बनेको भाँडाहरू आदि। ※माटो र बालुवा, भत्केको घर आदिको अवशेष, "जलाउन सकिने फोहोर", "काठको फोहोर" र "क्यान, बोतल र प्लास्टिकका बोतलहरू" लिएर जान सकिनेछैन। ※"सहरले सङ्कलन नगर्ने चीजहरू" (P19~21) पनि लिएर जान सकिनेछैन। | सानो साइजको जलाउन सकिने फोहोर (एउटा साइड 50cm वा सोभन्दा छोटो चीज) छाँटकाँट गरिएको हाँगा र पातहरूको लगभग साइज, लम्बाइ 50cm र व्यास 5cm वा सोभन्दा कम हुनुपर्नेछ। | बगैंचाको रूख, सडकको रूख आदिको काटेको हाँगा, डाँठ, गुन्द्री, फुसुमा (स्लाइडिङ पार्टेसन), स्योजी (कागजको स्लाइडिङ पार्टेसन) तथा अन्य काठले बनेका सामानहरू(पेच, किला जस्ता धातुजन्य वस्तु र सिसा आदि हटाइएको सामान मात्र) ※लगभग लम्बाइ 50m भन्दा बढी, 3.6m वा सोभन्दा कम, चौडा 1.5m वा सोभन्दा कमको हुनुपर्नेछ (काठका सामानहरू, मुढा आदिको सन्दर्भमा छुट्टै साइज सीमा हुनाले, तलको सम्पर्क स्थानमा सम्पर्क गरी निश्चय गर्नुहोस्) | पेय पदार्थ अथवा खाद्य पदार्थ भएको चीजहरू (त्यसमा भएको चीज पूर्ण रूपमा प्रयोग गरेर, बिर्को हटाई, भित्रपट्टिको भागलाई पानीले पखाली, प्लास्टिकका बोतलको लेबल हटाएपछि कच्याककुचुक पार्नुहोस्) |
| सम्पर्क समय (वर्षको अन्त्य तथा सुरुको अवधिमा फोहोर लिइनेछैन) | सोमबार～शुक्रबार (शनिबार र आइतबार बाहेक) 8:30～12:00 13:00～16:00※ (सोमबार～शुक्रबारमा पर्ने सार्वजनिक बिदाको दिनमा फोहोर लिइनेछ ※सार्वजनिक बिदाको दिन 15:00 सम्म) | सोमबार～शुक्रबार (शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन बाहेक) 10:00～12:00 13:00～15:00 | सोमबार～शुक्रबार (शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन बाहेक) 9:00～12:00 13:00～15:00 | सोमबार～शुक्रबार (शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन बाहेक) 8:30～12:00 13:00～16:00 |
| सम्पर्क स्थान | लगिने फोहोर व्यवस्थापन कार्यालय ☎974-2411 | हिगासी ☎452-4100 ओचिआइ ☎792-3824 मिनातोजिमा ☎304-0530 कारुमोजिमा ☎652-3398 निसी ☎974-2005 | ☎304-0530 | ☎995-3323 |

## कुकुर, बिरालो आदिको लाश

**बसोबास गर्ने वडाको वातावरणीय ब्युरो कार्यालयमा सम्पर्क गर्नुहोस्।** सम्पर्क स्थानको लागि तल हेर्नुहोस्।

घरपालुवा जनावर (पेट) को लाश घरमा लिन आउन सहरलाई अनुरोध गर्ने खण्डमा, एउटा जनावरको 4,000 येन, कार्यालयमा लिएर जाने खण्डमा, एउटा जनावरको 2,000 येन शुल्क लाग्नेछ। यद्यपि मालिक नभएको जनावरको शुल्क लाग्नेछैन। ☆निजी घर वा अरूको सम्पत्तिमा पसेर सङ्कलन गर्न नसकिने हुनाले, सङ्कलन गाडी पस्न सक्ने ठाउँमा फाल्नको लागि निकाल्नुहोस्।
●सम्पर्क समय/सोमबार~शुक्रबार (वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक) 8:00 AM~4:00 PM ☆तर शनिबार र आइतबार (8:00 AM~12:00 PM) फुजिसादा ढुवानी (681-2526) खुला रहनेछ।

**फोहोर वर्गीकरणको बारेमा**
कोबे सहर समग्र कल सेन्टर ······☎333-3330

**ठूलो साइजको फोहोरको आवेदनको बारेमा**
······☎ 392-7953

**अवैध डम्पिङको बारेमा**
क्लिन 110 नम्बर ······☎ 595-6199
अथवा नजिकको प्रहरी कार्यालयमा



विस्तृत जानकारीको लागि वाकेतोन BOOK हेर्नुहोस्।
※वडा कार्यालय र वातावरणीय ब्युरो कार्यालयमा वितरण गरिन्छ।

**घरेलु फोहोरको सङ्कलनको बारेमा** (ठूलो साइजको फोहोर आदि बाहेक) — बसोबास गर्ने वडाको वातावरणीय ब्युरो कार्यालयमा

| | | | |
|---|---|---|---|
| हिगासिनादा कार्यालय | ☎ 841-0161 | नागाता कार्यालय | ☎ 652-1441 |
| नादा कार्यालय | ☎ 871-1081 | सुमा कार्यालय | ☎ 731-2041 |
| च्युओ कार्यालय | ☎ 251-3521 | तारुमी कार्यालय | ☎ 783-0333 |
| ह्योगो कार्यालय | ☎ 652-0981 | निसी कार्यालय | ☎ 961-1414 |
| किता कार्यालय | ☎ 581-0460 | | |

सम्पर्क समय/सोमबार～शुक्रबार 8:00 AM～16:45 PM
(सार्वजनिक बिदाको दिन र वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)